नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् समन्वय शाखा)

पत्र संख्या : वा.त.वि.स.शा./०८२/०८३
चलानी नं. : ४६

इमेल: cdms.mofaga@gmail.com
सिंहदरबार, ,काठमाडौं।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

विक्रम संवत्: २०८२/०७/२८, शुक्रबार
नेपाल संवत्: ११६५ कछलागा दशमी

विषयः अपिल प्रेषित गरिएको सम्बन्धमा।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)।
श्री महानगरपलिका/उपमहानगरपालिका/नगरपालिका (सबै),
श्री गाँउपालिका (सबै)।

उपर्युक्त सम्बन्धमा वातावरण विभागको च.नं. ३८७ मिति २०८२/०७/२५ गतेको अपिल प्रेषित गराइदिने सम्बन्धमा विषयक पत्रमार्फत वायु प्रदुषणबाट हुन सक्ने असर रोकथामको लागि विभागबाट जारी गरिएको "वायु प्रदुषण रोकथाम सम्बन्धी अपिल" को छाँया प्रति यसैसाथ संलग्न गरी वायु प्रदुषण न्यूनीकरणमा सहयोगका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८२/०७/२८

(मनोज अधिकारी)
शाखा अधिकृत

बोधार्थः
श्री वातावरण विभाग, बबरमहल, काठमाडौं, (जानकारीका लागि)।
श्री सूचना प्रविधि शाखा, सं. मा. तथा सा. प्र. मन्त्रालय, (पोर्टल र वेवसाइटमार्फत पत्राचार गरिदिनहुन)।

सिंहदरवार, काठमाण्डौं (+९७७)-(१) ४२००४८२
cdms.mofaga@gmail.com, website: http://www.mofaga.gov.np

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वातावरण विभाग

पत्र संख्या : ८२-८३

चलानी नं. : ३८८

मिति : २०८२/०७/२५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

संघीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.:- 9853
दर्ता मितिः- 6/26

विषय : अपिल प्रेषित गराइदिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा वायु प्रदुषणबाट हुन सक्ने असर र सोको रोकथामको लागि यस विभागबाट जारी गरिएको "वायु प्रदुषण रोकथाम सम्बन्धी अपिल" संलग्न १ थान तहाँ मन्त्रालय अन्तर्गतका निकायहरुमा वेवसाइट (Website) मार्फत प्रेषित गराइदिनहुन अनुरोध छ।

ज्ञानराज सुवेदी
महानिर्देशक

श्री वातावरण तथा विपद व्यवस्थापन शाखा
2082/6/26

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: 266
मितिः 82/06/28

कार्यालयको ठेगाना:
बबरमहल, काठमाडौं

कार्यालयको टेलिफोन नं.
०१-४२२१७९७/४२२०८३७

फ्याक्स:
०१-४२२१५५७

इमेल:
info@doenv.gov.np

वेबसाईट:
www.pollution.gov.np

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वातावरण विभाग

## वायु प्रदुषण सम्बन्धी वातावरण विभागको अपिल

मिति २०८२ कार्तिक २५

जाडो महिनाको सुरुवातसँगै वायु प्रदुषण पनि क्रमिक रुपमा वृद्धि हुने गर्दछ । वायु प्रदुषणबाट मानव स्वास्थ्यमा प्रतिकूल असर पर्दछ। विशेषगरी वृद्धवृद्धा, बालबालिका, श्वासप्रश्वास, मुटु रोगी, दीर्घरोगी साथै गर्भावस्थाका महिला यसबाट बढी प्रभावित हुने भएकोले यस्तो बेला विशेष सावधानी अपनाउन वातावरण विभाग हार्दिक अपिल गर्दछ।

तसर्थ खुला आकासमा फोहर बाल्ने, (ताप्ने नगर्न), कृषि अवशेष नजलाउन (नबाल्न), प्लाष्टिकजन्य फोहर नजलाउन, पेट्रोलियमजन्य पदार्थ, कोइला लगायतका उर्जा श्रोतको मितव्ययी प्रयोग गर्न, निर्माण कार्य गर्दा, गराउँदा धुलो नियन्त्रणका यथासम्भव सबै उपाय अपनाउन, प्रदुषण उत्सर्जनका अन्य स्रोतको विवेकपुर्ण उपयोग गर्न अनुरोध गर्दछ। वायु प्रदुषण रोकथाममा आम समुदाय सचेत भई नियन्त्रणको लागि सरोकारवाला निकायसँग हातेमालो गर्दै न्यूनिकरणमा सहयोग गर्न सबैमा विभाग हार्दिक अपिल गर्दछ ।